मधेस प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

जनकपुरधाम, धनुषा ।

पत्र संख्याः-२०७९/०८०
चलानी नं.:-

**लोकसेवा तयारी कक्षा संचालनको लागि प्रस्ताव अह्वान गरिएको सम्बन्धमा**

**प्रकाशित मिति : २०७९।१२।२९**

यस शिक्षा विकास निर्देशनालयको आ.व. २०७९।८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार छात्राहरुको लागि लोकसेवा आयोग परीक्षा तयारी कक्षा (प्रदेशका आठ वटै जिल्लाको सदरमुकाममा) संचालन गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले तपसिलको आधारमा प्रस्ताव तयार गरी यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र कार्यालय समयावधिभित्र यस निर्देशनालयमा पेश गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. लोक सेवा तयारी कक्षा वा यस्तै तालिम संचालनका लागि सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ ।

२. लोक सेवा तयारी कक्षा संचालन गरेको सम्बन्धमा कम्तिमा ३ बर्षको अनुभव भएको हुनपर्नेछ ।

३. आ.व. २०७८।७९ लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

४. प्यान/भ्याट दर्ता भएको हुनुपर्नेछ ।

५. लोकसेवा तयारी कक्षाका सहजकर्ताको शैक्षिक योग्यता स्नातकोत्तर तथा अनुभव कम्तिमा ३ (तीन) बर्षको हुनुपर्नेछ ।

६.नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुहको पाठ्यक्रमा आधारित रहि रा.प. अनंकित प्रथम सहायक स्तर पाँचौ (नायब सुब्बा) तथा रा.प. अनंकित द्वितीय सहायक चौथौ (खरिदार) वा सो सरहको छुटाछुटै समुहमा कक्षा संचालन गनुपर्नेछ ।

७. प्रत्येक समुहमा विद्यार्थी संख्या कम्तिमा ३०।३० जना हुनुपर्नेछ ।

८. संघिय/प्रादेशिक (मधेश प्रदेश) लोकसेवा आयोगको पाठ्यक्रम अनुसार पठनपाठन हुनुपर्नेछ ।

निर्देशक

९. प्रति सेसन कम्तिमा १ (एक) घण्टाको दरले प्रतिदिन ३ (तीन) सेसन कक्षा संचालन हुनुपर्नेछ ।

१०. कक्षा संचालन सहजकर्ता र विद्यार्थीको भौतिक उपस्थितिमा प्रत्येक जिल्लाको सदरमुकाममा गर्नुपर्नेछ ।

११. सहजकर्ताले विद्यार्थीलाई प्रत्येक सेसनको ह्याण्ड्आउन उपलब्ध गराउनुपर्नेछ ।

१२. सहभागि छनौट गर्दा तोकिएको मापदण्डको आधारमा पारदर्शिरुपमा गर्नुपर्नेछ ।

१३. तयारी कक्षा संचालन गर्ने स्थानको अवस्थिति, पुर्वाधारको अवस्था लगायत अन्य सुविधा खुल्ने कागजात तथा विवरण प्रस्तावसंगै पेश गर्नुपर्नेछ ।

१४. तयारी कक्षा समाप्त भएको मितिले ७ (सात) दिनभित्र सक्कलै विलभर्पाइ तथा अन्य कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

१५. कम्तिमा साप्ताहिक रुपमा तयारी कक्षामा सहभागि विद्यार्थीहरुको क्षमतामापन परीक्षा संचालन गर्नुपर्नेछ ।

१६. प्राविधिक प्रस्ताव (बुँदा नं. १ देखि १५ सम्मका विषयवस्तुहरु उल्लेखित) तथा आर्थिक प्रस्ताव (के कति रकममा उक्त तयारी कक्षा संचालन गर्ने भनि विस्तृत आर्थिक विवरण उल्लेख भएको) पेश गर्नुपर्नेछ । यसरी उक्त प्राविधिक तथा आर्थिक प्रस्ताव छुटाछुटै तयार गरी छुटाछुट खाममा राखि सिलबन्दी गरी उक्त दुबै प्रस्ताव भएको खामलाई अर्को खाममा राखि सिलबन्दि गरि पेश गर्नुपर्नेछ । सिलबन्दि नगरि पेश भएको प्रस्ताव मूल्यांकन गरिने छैन ।

१७. प्राविधिक प्रस्तावको मूल्यांकन भए पछि उक्त मूलयांकनमा सफल भएका प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव खोलिनेछ । यसरी उक्त दुबै मूल्यांकनमा सफल भएको सारभुत रुपमा प्रभावग्राही न्युन कबोल गरेको प्रस्तावदातासंग मात्र सम्झौता गरिनेछ ।

**१८. यो सूचना प्रकाशन भएको १५ औं दिनमा प्रि बिड मिटिङ् हुनेछ । थप विषय प्रि बिड मिटिङ्मा छलफल गर्न सकिने छ ।**

चुडामणि फुयाल
निर्देशक

निर्देशक